# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरन्जीबि नेपालबाट साना किसान विकास बैंकको १४ औं वार्षिकोत्सवलाई सम्बोधन

गभर्नर डा. चिरन्जीबि नेपालले साना किसान विकास बैंकको १४ औं वार्षिकोत्सव कार्यक्रमलाई २०७२ साल असार २२ गते प्रमुख अतिथिको रूपमा सम्बोधन गर्नुभयो । मन्तव्यको क्रममा गभर्नर डा. चिरन्जीबि नेपालले साना किसान विकास बैंकले कृषि विकास बैंकको उत्तराधिकारीका रूपमा कर्तव्य निर्वाह गरिरहेको धारणा राख्नुभयो । कृषि क्षेत्रको विकासका लागि कृषि विकास बैंक स्थापना भए पनि वाणिज्य बैंकमा स्तरोन्नति भए पछि कृषकहरुबाट टाढा भएको पो हो कि भन्ने जनमानसमा आशङ्का रहेकोमा सो बैंकद्वारा प्रबर्द्धित साना किसान विकास बैंकबाट सो आशङ्का मेटाएको उल्लेख गर्नुहुँदै उहाँले सीमान्त वर्गको आय आर्जनका लागि उक्त बैंकले महत्वपूर्ण सहयोग गरिरहेको कुरा व्यक्त गर्नुभयो । जग्गा खण्डीकरणका कारण नेपालमा धेरैजसो परिवारले थोरै जग्गाबाट गरिबी निवारण गर्नका लागि कृषिको व्यावसायीकरण अपरिहार्य रहने उल्लेख गर्नुहुँदै प्रकाश पार्नुहुँदै उहाँले साना किसानमा गरिएको लगानी खेर नजाने धारणा राख्दै भर्खरै आएको विनाशकारी भूकम्पका कारण २.५ प्रतिशतले गरिबी बढ्न सक्ने आँकलन गरिएको जानकारी दिनुभयो । वातावरणीय परिवर्तनले पनि साना किसान नै पीडित बन्नुपर्ने बाध्यात्मक अवस्था रहेको र सोबाट उनीहरुलाई बचाउनुपर्ने उहाँको धारणा थियो ।

नेपालमा कृषि क्षेत्रबाट नै गरिबी न्यूनीकरण गर्न मद्दत पुग्ने मन्तव्य व्यक्त गर्दै उहाँले इजरायलजस्तो सुख्खा जमिनयुक्त स्थानमा त उच्च स्तरको उत्पादन र उत्पादकत्व सम्भव छ भने नेपालको उर्वर पहाडी भूभागका सम्भावनालाई पहिचान गरेर कृषिको उक्त सम्भावनालाई व्यापकता प्रदान गर्नुपर्ने उहाँको सुझाव रहेको थियो । नेपालका विद्यार्थीलाई कृषिको व्यावासयिकता र व्यावहारिक ज्ञान हासिल गर्ने अवसर प्रदान गरेकामा इजरायली राजदूतलाई धन्यवाद दिनुहुँदै गभर्नर डा. नेपालले विद्यार्थीमा गरिएको लगानीले अर्थतन्त्रमा गुणक प्रभाव पर्ने स्पष्ट पार्नुभयो । नेपालको जनशक्ति विदेश पलायन भइरहेको सन्दर्भ उल्लेख गर्दै उहाँले युवामा गरिएको लगानीबाट नै युवा पलायन रोक्न सकिने उहाँको तर्क थियो ।

कार्यक्रममा कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत लीलाप्रकाश सिटौला, नेपालका लागि इजरायली राजदूत, आयोजक साना किसान विकास बैंकका प्रमुख कार्यकारी अधिकृत जलनकुमार शर्मा लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो भने बैंकद्वारा प्रवर्द्धित उत्कृष्ट सहकारीहरूलाई पुरस्कृत समेत गरिएको थियो ।

**२०७२ असार २३ गते, बुधबार**

**गभर्नरको कार्यालय**